# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०३।१५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला संखुवासभा चैनपुर नगरपालिकाको कार्यकारी अधिकृत उत्तम रेग्मीले चैनपुर नगरपालिकाको विकास बजेटबाट सो कार्यालयमा कार्यरत कर्मचारीहरूको नाममा अनियमित रूपमा रकम झिकी हिनामिना गरेको, व्यक्तिगत प्रयोजनको लागि कार्यालयको कोषबाट जिन्सी सामान खरिद गरी आम्दानी नबाँधेको, झुट्टा बिल बनाई रकम भुक्तानी लिएको, व्यक्तिगत कामको लागि कोषको रकम दुरुपयोग गरेको हुँदा कारवाही गरी भ्रष्टाचार गरेको रकम असुलउपर गरी पाँउ भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा चैनपुर नगरपालिकाका तत्कालीन कार्यकारी अधिकृत उत्तम रेग्मीले अनियमित तवरले कार्यालय सहयोगीजस्तो निम्नस्तरको व्यक्तिको नाममा विभिन्न योजनाहरूलाई भुक्तानी दिन भनी पेश्की निकाली सो रकम आफूले खाइमासी हिनामिना गरेपश्चात आफैंले बिल कागजातमा लेखी नक्कली बिल कागजात बनाई सोही बिल कागजात पेश्की फछ्र्यौट को लागि पेश गरी बदनियतपूर्वक सरकारी रकम हिनामिना गरी आफूलाई गैरकानूनी लाभ पुऱ्याउने कार्य गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१)को देहाय (ङ) बमोजिम कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निज उत्तम रेग्मीलाई बिगो रू.७,०६,९०९।— (सात लाख छ हजार नौ सय नौ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम जरिवान र कैद सजाय हुन र निजले हिनामिना गरेको बिगो रू.७,०६,९०९।— (सात लाख छ हजार नौ सय नौ) निजबाट असुलउपर हुन मागदाबी लिइएको ।

साथै रकम लिई खाली फर्जी बिल कागजात उपलब्ध गराई उल्लिखित कसुर अपराध गर्न राष्ट्रसेवक कर्मचारीहरूसँग मिलेमतो गरी मतियारको कार्य गर्न संलग्न रहेका हिमालयन इन्स्टिच्युट अफ टेक्नोलोजी कम्पनीका सञ्चालक यज्ञप्रसाद ढकाल, इन्स्टिच्युट अफ रिसर्च एण्ड डेभलपमेन्टका सञ्चालक दुर्गाप्रसाद दाहाल तथा एभरेष्ट टेक्नोलिङ्क्स प्रा.लि.का संचालक अन्जिता गौतमले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको देखिएकोले निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सजाय हुन मागदाबी लिई मिति २०७६।०३।१३ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता